# त्रिभुवन विश्वविद्यालय

# गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी विनियम, २०७९

**पारित मिति** : २०७९/५/१

(त्रि.वि. कार्यकारी परिषद्‌को बैठकको निर्णय नं. १५४५)

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**

**२०८०**

# त्रिभुवन विश्वविद्यालय
# गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी विनियम, २०७९

त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम १३३ को उपनियम (२) र नियम ३९७ र त्रि. वि. शिक्षक/कर्मचारी सेवा सम्बन्धी नियम २०५० नियम १२६ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले देहायको विनियम बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (क) यो विनियमको नाम "त्रिभुवन विश्वविद्यालय गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी विनियम, २०७९" रहेको छ ।

(ख) यो विनियम तुरुन्त लागु हुनेछ ।

(ग) यो विनियम त्रिभुवन विश्वविद्यालय र त्यस अन्तर्गत उच्चशिक्षा प्रदान गर्ने उच्च शैक्षिक संस्थाहरू (स्कूल, केन्द्रीय विभाग/क्याम्पस, आङ्गिक क्याम्पस तथा सम्वन्धन प्राप्त क्याम्पस) अन्तर्गत शैक्षिक उपाधि प्रदान गर्ने उद्देश्यले सञ्चालित सबै उच्च शैक्षिक संस्थाहरूमा लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा :-

क) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्दछ ।

ख) "ऐन" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन २०४९ सम्झनु पर्दछ ।

ग) "नियम" भन्नाले त्रि. वि. ऐन अन्तर्गतका नियमहरू सम्झनु पर्दछ ।

घ) "कार्यकारी परिषद्" भन्नाले विश्वविद्यालयको कार्यकारी परिषद् सम्झनु पर्दछ ।

ङ) "विनियम" भन्नाले त्रिभुवन विश्वविद्यालय गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी विनियम, २०७९ लाई सम्झनु पर्दछ ।

च) "केन्द्र" भन्नाले यो विनियमअन्तर्गत त्रि. वि. मा स्थापित "त्रिभुवन विश्वविद्यालय गुणस्तर सुनिश्चितता तथा प्रत्यायन केन्द्र" लाई सम्झनु पर्दछ । यसलाई अंग्रेजीमा Tribhuvan University Quality Assurance and Accreditation Centre तथा छोटकरीमा TU-QAAC भनिनेछ ।

ज) "आन्तरिक गुणस्तर सुनिश्चितता समिति" भन्नाले यस विनियमले व्यवस्था गरे बमोजिम त्रिभुवन विश्वविद्याल अन्तर्गत समग्र गुणस्तर सुनिश्चितता सम्बन्धमा कार्य गर्ने त्रिभुवन विश्वविद्यालयमा गठित अधिकार सम्पन्न उच्चस्तरीय स्वतन्त्र समितिलाई सम्झनु पर्दछ । यसलाई अंग्रेजीमा Tribhuvan University Internal Quality Assurance Committee तथा छोटकरीमा TU-IQAC भनिनेछ ।

झ) "अध्यक्ष" भन्नाले त्रिभुवन विश्वविद्यालय आन्तरिक गुणस्तर सुनिश्चितता समितिको अध्यक्ष सम्झनु पर्दछ ।

ञ) "सदस्य" भन्नाले त्रिभुवन विश्वविद्यालय आन्तरिक गुणस्तर सुनिश्चितता समितिको सदस्य सम्झनु पर्दछ ।

ट) "निर्देशक" भन्नाले त्रिभुवन विश्वविद्यालय गुणस्तर सुनिश्चितता तथा प्रत्यायन केन्द्रको निर्देशक सम्झनु पर्दछ ।

ठ) "उच्चशिक्षा" भन्नाले विश्वविद्यालय अध्ययन प्रतिष्ठान/अन्य उच्च शैक्षिक संस्थाहरूको स्नातक वा सोभन्दा माथिल्लो तहका शैक्षिक कार्यक्रमहरू अन्तर्गत दिइने शिक्षा सम्झनु पर्दछ ।

ड) "उच्च शैक्षिक संस्था" भन्नाले उच्चशिक्षा प्रदान गर्ने विश्वविद्यालय अन्तर्गतका शैक्षिक संस्थाहरू, विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालनमा रहेका क्याम्पसहरू, विश्वविद्यालय सरहका शैक्षिक प्रतिष्ठानहरू र स्नातक वा सो भन्दा माथिल्लो तहका शैक्षिक कार्यक्रमहरूअन्तर्गत दिइने शैक्षिक उपाधि प्रदान गर्ने संस्था सम्झनु पर्दछ ।

ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले ऐन, नियम, विनियम र समय समयमा कार्यकारी परिषद्बाट निर्णय भई तोकिएको कुरालाई सम्झनु पर्दछ ।

३. **शब्द र वाक्यांशहरूको व्याख्या** : त्रि. वि. ऐन, नियममा प्रयुक्त शब्द र वाक्यांशहरू यस विनियममा प्रयुक्त भएकोमा प्रसङ्गवस अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या सोही अनुरुप गरिनेछ ।

## परिच्छेद–२

## गुणस्तर सुनिश्चितता तथा प्रत्यायन केन्द्रको व्यवस्था

मुलुकको उच्च शिक्षामा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणाली (Quality Assurance and Accreditation System, QAA System) आकर्षक र प्रभावकारी बनाउन त्रिभुवन विश्वविद्यालय अन्तर्गतका शैक्षिक संस्था/कार्यक्रमहरूलाई प्रत्यायनकृत र प्रोत्साहित गर्न यस केन्द्रको स्थापना गरिएको छ ।

४ **केन्द्रको काम, कर्तव्य र अधिकार** : केन्द्रको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :

(क) त्रिभुवन विश्वविद्यालय अन्तर्गत उच्चशिक्षाको गुणस्तर सुधार गर्ने कार्यहरूमा संलग्न विभिन्न निकायहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न संस्थागत रुपमै संरचना तयार गर्दै लैजाने वातावरण श्रृजना गर्न आर्थिक, शैक्षिक र प्राज्ञिक उन्नयनको लागि काम गर्ने ।

(ख) केन्द्रको उद्देश्य परिपूर्तिका लागि गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धमा विश्वविद्यालय अनुदान आयोग र त्रि. वि. अन्तर्गतका उच्च शिक्षा प्रदान गर्ने निकायहरूमा सहजिकरणका लागि कार्यहरू गर्ने ।

(ग) विश्वविद्यालय अन्तर्गतका निकायहरूबाट उच्च शिक्षामा गुणस्तर अभिवृद्धि सम्बन्धी गरिने भनी तोकिएका अन्य कार्यहरू गर्ने ।

५. **केन्द्रमा विज्ञटोली र कर्मचारीको व्यवस्था** : केन्द्रमा आवश्यकता अनुसार विज्ञटोली रहनेछ र कर्मचारी व्यवस्थाको लागि लेखा अधिकृत र अधिकृत स्तरको कर्मचारी सहित अफिस असिस्टेन्ट,

कम्प्युटर अपरेटर, कार्यालय सहयोगी र सवारी चालक हुनेछ । कार्यकारी परिषद्ले आवश्यक ठानेमा विज्ञटोली र कर्मचारी थप गर्न सक्नेछ ।

## परिच्छेद–३

## आन्तरिक गुणस्तर सुनिश्चितता समितिको व्यवस्था

६. **समितिको गठन** : गुणस्तर सुनिश्चितता तथा प्रत्यायन केन्द्रको उद्देश्य अनुसारको कार्य गरी तत्सम्बन्धी नीति निर्माण अनुगमन, सुपरिवेक्षण र समीक्षा गर्न गराउन त्रिभुवन विश्वविद्यालयअन्तर्गत केन्द्रीय स्तरमा देहायअनुसारको त्रि.वि.आन्तरिक गुणस्तर सुनिश्चितता समिति (Tribhuvan University Internal Quality Assurance Committee, TU-IQAC) को गठन हुनेछ ।

| | |
|---|---|
| क) शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय | अध्यक्ष |
| ख) रजिष्ट्रार, त्रिभुवन विश्वविद्यालय | उपाध्यक्ष |
| ग) विश्वविद्यालय अनुदान आयोगको प्रतिनिधि (१ जना) | सदस्य |
| घ) उपकुलपतिबाट मनोनित (१ जना) | सदस्य |
| ङ) निर्देशक, योजना निर्देशनालय | सदस्य |
| च) निर्देशक, अनुगमन निर्देशनालय | सदस्य |
| छ) निर्देशक, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन केन्द्र | सदस्य-सचिव |

७. विनियम ६ (घ) मा उल्लेखित सदस्यको मनोनयन गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी विज्ञ व्यक्तिहरू मध्येबाट उपकुलपतिले गर्नेछ । मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ र निज पुनः एकपटकसम्म मनोनित हुन सक्नेछ ।

८ **समितिको काम, कर्तव्य र अधिकार** :

क) विश्वविद्यालय अन्तर्गतका स्कूल, केन्द्रीय विभाग तथा क्याम्पसहरूमा उपयुक्त शैक्षिक र प्राज्ञिक वातावरणको निर्माण र विकासमा जोड दिने,

ख) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको पेशागत क्षमता अभिवृद्धिका लागि गोष्ठी, अनुसन्धानमूलक तथा विद्यावारिधिसम्मको गुणस्तरीय मापदण्डका लागि आधारहरू तय गर्ने,

ग) विश्वविद्यालयका स्कूल, केन्द्रीय विभागहरू, क्याम्पसहरू र अन्य निकायबाट सञ्चालित शैक्षिक कार्यक्रमहरूमा, सम्पादित मौलिक एवं सिर्जनात्मक क्रियाकलापहरूलाई पाठ्यक्रमको आधार बनाई अनुसन्धानमूलक कृति प्रकाशन र जर्नलहरूको गुणस्तर यकिन गर्ने,

घ) गुणस्तर सुनिश्चितताको लागि आवश्यकता अनुसारको मापदण्ड, मानक र सूचकहरू (Criteria, Benchmarks and Indicators) लाई न्यूनतम् आधार मानी त्यसका आधारमा राष्ट्रिय तथा विश्व बजारमा प्रतिस्पर्धी हुन आवश्यक थप उत्तम अभ्यासहरूलाई समेत प्रयोगमा ल्याई आवश्यक गुणस्तर कायम गर्दै विश्वविद्यालयको शैक्षिक/प्राज्ञिक, अनुसन्धानमूलक तथा प्रशासकीय गतिविधिहरू सञ्चालन भएको सुनिश्चित गर्ने,

ङ) गुणस्तर सुनिश्चितताका लागि विश्वविद्यालयका शिक्षण संस्थाहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्ने,

च) त्रिभुवन विश्वविद्यालयका विभिन्न स्कूल, केन्द्रीय विभागमा सञ्चालित शैक्षिक कार्यक्रमहरू र क्याम्पसहरूमा गुणस्तरको सुनिश्चितता गर्ने सम्बन्धमा पहल गर्ने,

छ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको लागि काम गर्न समितिहरू गठन गर्ने,

ज) स्वअध्ययन प्रतिवेदन (SSR Report) तयारी गर्ने सम्बन्धमा त्रि. वि. केन्द्रीय विभागहरू र क्याम्पसहरूलाई सहजीकरण गर्ने एवम् तयार गरेको स्वअध्ययन प्रतिवेदनको आन्तरिक परीक्षण (Internal Review) समेत गरी थप सुधारका लागि सुझावहरू प्रदान गर्ने र सुझाव अनुरुप कार्यसम्पादन भएको सुनिश्चित गर्ने,

झ) शैक्षिक व्यवस्थापन सूचना प्रणालीमार्फत संस्थागत तथ्याङ्कीय प्रणाली (Database) तयार गर्न एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated EMIS) लाई आवश्यक सहयोग गर्ने,

ञ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको सम्बन्धमा विश्वविद्यालय अनुदान आयोगसँग समन्वय गर्ने ।

ट) राष्ट्रिय वा अन्तराष्ट्रिय शैक्षिक संस्थाहरू वा निकायहरूसँग सम्बन्ध स्थापना गरी क्षमता अभिवृद्धिका लागि पहल गर्ने र पारस्पारिक सम्बन्धबाट हुन सक्ने सहयोगको सही सदुपयोग गर्ने/गराउने,

ठ) देश र विश्वविद्यालय सुहाउँदो गुणस्तर सुनिश्चिता तथा प्रत्यायनकृत हुन राष्ट्रिय वा अन्तराष्ट्रिय परियोजनाहरूको लागि प्रस्ताव पेश गर्ने र ती परियोजनाहरू मार्फत त्रि. वि. को शैक्षिक, प्राज्ञिक र आर्थिक समुन्नतिमा टेवा पुर्‍याउने ।

ड) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियाका लागि विश्वविद्यालय अनुदान आयोगको मापदण्ड अनुरुप आर्थिक तथा प्रशासनिक कार्य गर्ने/गराउने,

ढ) गुणस्तर सुनिश्चितता (Quality Asssurance) को लागि क्षमता अभिवृद्धि (बैठक, तालिम, सभा, सम्मेलन आदि) र स्वअध्ययन प्रतिवेदन (SSR Report) तयारीको सहजीकरण तथा मूल्याङ्कनको लागि विशेषज्ञ/शिक्षक, कर्मचारीहरूको पारिश्रमिक सम्बन्धमा छुट्टै Operational Guideline for Quality Asssurance बनाई व्यवस्थापन गर्नु/गराउनु,

ण) त्रि. वि. गुणस्तर सुनिश्चितता तथा प्रत्यायन केन्द्रमा काम गर्न आवश्यकता अनुसार आन्तरिक व्यवस्थापन समिति गठन गर्ने, उक्त समितिले कार्यविधि निर्माण गरी सोही अनुरुप गर्न निर्देशन गर्ने,

त) त्रि. वि. कार्यकारी परिषद्बाट समय समयमा गरेका निर्णय तथा निर्देशनहरूलाई कार्यान्वयन गर्ने/गराउने,

थ) उच्च शिक्षाको गुणस्तर सम्बन्धमा विभिन्न सूचना तथा जानकारीहरू प्रबोधीकरण (Dissemination) गर्ने,

९. **समितिको बैठक** : (क) समितिको बैठक अध्यक्षको पूर्व स्वीकृति लिई सदस्य-सचिवले बोलाउने छ । बैठक बस्ने सूचना गर्दा बैठक बस्ने मिति, समय र स्थान सम्बन्धी जानकारी र बैठकमा पेश गरिने प्रस्ताव संकलन गरी सदस्यहरूलाई उपलब्ध गराउनेछ ।

(ख) समितिको बैठक बस्नका लागि गणपुरक सङ्ख्या कुल सङ्ख्याको कम्तीमा पचास प्रतिशत आवश्यक हुनेछ ।

(ग) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ । आमन्त्रित सदस्यले आफ्नो राय व्यक्त गर्न सक्नेछ तर मत दिन पाउने छैनन् ।

(घ) समितिको बैठकमा उपस्थित सदस्यहरूको बहुमतले गरेको निर्णय समितिको निर्णय मानिनेछ । समितिको निर्णयमा कुनै सदस्यलाई चित्त नबुझेमा आफ्नो मत प्रकट गर्ने अधिकार हुनेछ । समितिको निर्णय पुस्तिकामा अध्यक्ष र सदस्य-सचिवको हस्ताक्षर भएपछि कार्यान्वयन गरिनेछ ।

(ङ) समितिको बैठकमा उपस्थित अध्यक्ष, सदस्य, सदस्य-सचिव तथा आमन्त्रित व्यक्तिहरूलाई नियमानुसारको बैठक भत्ता उपलब्ध गराइनेछ ।

## परिच्छेद–४

## निर्देशक सम्बन्धी व्यवस्था

**१०  निर्देशक** : (क) त्रिभुवन विश्वविद्यालय गुणस्तर सुनिश्चितता तथा प्रत्यायन केन्द्रमा पूरा समय काम गर्ने पदाधिकारीका रुपमा निर्देशकको व्यवस्था हुनेछ ।

(ख) निर्देशकको नियुक्ति विश्वविद्यालयका विद्यावारिधि प्राप्त प्राध्यापक वा सह-प्राध्यापकहरू मध्येबाट शिक्षाध्यक्षको सिफारिसमा उपकुलपतिबाट हुनेछ ।

(ग) निर्देशकको पदावधि चार वर्षको हुनेछ। तर निर्देशकले आफ्नो कर्तव्यको पालना नगरेको पाइएमा शिक्षाध्यक्षको सिफारिसमा कार्यकारी परिषदले जुनसुकै बखत निजलाई हटाउन सक्नेछ। त्यसरी हटाउनु अघि निजलाई सफाइको मौका दिइनेछ।

(घ) निर्देशक शिक्षाध्यक्ष प्रति उत्तरदायी हुनेछ।

**११  पद रिक्त भएको मानिने अवस्था** : देहायको अवस्थामा निर्देशकको पद रिक्त भएको मानिनेछ :-

(क) कार्यकारी परिषदले निजलाई पदमुक्त गरेमा, वा

(ख) शिक्षाध्यक्ष समक्ष निजले पेश गरेको राजिनामा स्वीकृत भएमा, वा

(ग) निजको पदावधि पूरा भएमा, वा

(घ) निज त्रि. वि. सेवामा नरहेमा, वा

(ङ) निजको मृत्यु भएमा, वा

(च) बहुलाएको वा मानसिक असन्तुलन भएको भनी आधिकारिक रुपमा प्रमाणित भएमा, वा

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतले कसुरदार ठहराई कैदको सजाय दिएमा

१२ **भत्ता र अन्य सुविधाहरू** : निर्देशकले आफ्नो साविक पदको खाइपाई आएको तलबका अतिरिक्त विश्वविद्यालयका अन्य निर्देशकले पाए सरह मासिक भत्ता, बिदा तथा अन्य सुविधाहरू प्राप्त गर्नेछ। कार्यकारी परिषदले आवश्यक ठानेमा सुविधाहरू थप गर्न सक्नेछ।

१३ **बिदा** : निर्देशकले आफ्नो कार्यकालमा समय समयमा शिक्षाध्यक्षबाट स्वीकृति भए अनुसार वर्षको दुई महिनाका दरले बढीमा ८ महिनाको पूरा तलवी बिदा पाउन सक्नेछ। निर्देशकको पदावधिमा निजले उपयोग गरी बाँकी रहेको बिदाको हकमा तपसिल बमोजिम हुनेछ :-

क) निजले निर्देशक पदबाट अवकास प्राप्त गर्नु अघि शिक्षाध्यक्षबाट स्वीकृति लिई बढीमा दुई महिनासम्मको पूर्व अवकास विदा लिन सक्ने छ।

ख) निर्देशकको पदावधिमा निजले उपभोग गरी बाँकी रहेको बिदाको हकमा निजलाई सो अवधिको अतिरिक्त तलब दिइने। तर यो अतिरिक्त तलब ६ महिना भन्दा बढी हुने छैन।

१४. **निर्देशकको काम कर्तव्य र अधिकार** : निर्देशकको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

क) विश्वविद्यालयअन्तर्गत सञ्चालन भइरहेका र सञ्चालन हुने गुणस्तर सुनिश्चितता तथा प्रत्यायन गर्ने सम्बन्धमा गर्नु पर्ने काम कारबाहीको जिम्मेवारी लिई कार्य गर्नु,

ख) आवश्यकता अनुसार गुणस्तर सुनिश्चितता तथा प्रत्यायन समितिबाट गठित आन्तरिक व्यवस्थापन समितिले बनाएको कार्यविधिहरूलाई कार्यान्वयन गर्नु/गराउनु,

ग) गुणस्तर सुनिश्चितता तथा प्रत्यायनका लागि विश्वविद्यालय अनुदान आयोग/QAA निर्देशनालयसँग समन्वय गरी आवश्यकता अनुसारको Crtieria र Benchmark निर्धारण गर्न कार्यन्वयन समितिमा प्रस्ताव गर्नु,

घ) उच्चशिक्षाको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी विधि र प्रक्रिया सुनिश्चित गरि सोहि अनुरुप सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी काम गर्ने/गराउने,

ङ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायनका लागि रणनीतिक योजना तयार गर्नु,

च) गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको सम्बन्धमा विश्वविद्यालयअन्तर्गतका विभिन्न अध्ययन संस्थान/सङ्काय, स्कूल, केन्द्रीय विभागहरू, क्याम्पसहरूमा सञ्चालित शैक्षिक कार्यक्रमहरूको आवश्यकता अनुसार अनुगमन गरी समितिमा प्रतिवेदन पेश गर्नु,

छ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरू वा निकायहरूसँग सम्बन्ध विकाश तथा विस्तार गर्ने र पारस्परिक सम्बन्धबाट सहयोग भएको अवस्थामा केन्द्रको भौतिक विकास र जनशक्तिको विकासमा जोड गर्नु,

ज) केन्द्रद्वारा सञ्चालन हुने कार्यक्रमका लागि वार्षिक बजेट बनाई कार्यकारी परिषद्मा पेश गर्नु र स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्नु/गराउनु,

ञ) नियमित स्रोतबाहेक अन्य (राष्ट्रिय/अन्तराष्ट्रिय) स्रोतको सहयोगमा यस केन्द्रबाट सञ्चालन हुने कार्यक्रमका लागि सम्झौतामा उल्लेख भए अनुसारको स्रोतको परिचालन गर्नु/गराउनु,

झ) केन्द्रीय विभाग र क्याम्पसहरूलाई QAA लिन पहल गर्ने,

ट) निर्देशकले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन कार्यालयका हकमा त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम, २०५० र शिक्षक कर्मचारी सेवासम्बन्धी

नियम, २०५० समेतबाट संगठन वा निकाय प्रमुखलाई प्राप्त अधिकार प्रयोग गर्न पाउनेछ ।

१५ **अधिकार प्रत्यायोजन** : गुणस्तर सुनिश्चितता तथा प्रत्यायनका कार्यहरू सम्पादन गर्ने सिलसिलामा निर्देशकलाई प्राप्त अधिकारहरू मध्ये केही अधिकार आफू मातहतका अधिकृत स्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद–५

## विविध

१६ विश्वविद्यालयको नियमित स्रोतबाहेक अन्य स्रोतबाट रकम प्राप्त गरी सञ्चालित परियोजनाको खाता छुट्टै राख्न सकिनेछ, उक्त खाताको बचत रकम केन्द्रको भौतिक विकास र जनशक्तिको विकासमा खर्च गरिनेछ ।

१७. **खारेजी र बचाउ :** क) "त्रिभुवन विश्वविद्यालय गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी विनियम २०७४" खारेज गरिएको छ ।

(ख) "त्रिभुवन विश्वविद्यालय गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी विनियम २०७४" बमोजिम भए गरेका काम कामकारबाही यसै विनियम बमोजिम भए गरेको मानिनेछ ।

(ग) त्रि. वि. गुणस्तर सुनिश्चितता तथा प्रत्यायन केन्द्रले (TU-Quality Assurance and Accreditation Centre) गर्ने भनी उल्लेख गरिएका कार्यहरू यो विनियम प्रारम्भ हुनुभन्दा अघि त्रि. वि. का अन्य कुनै निकायहरूबाट भएको भए यो विनियम लागु हुनासाथ त्रि. वि. गुणस्तर सुनिश्चितता तथा प्रत्यायन केन्द्र (TU-Quality Assurance and Accreditation Centre) बाट नै गरिनेछ ।

(घ) यो विनियम लागु हुनुभन्दा अघिको गठित आन्तरिक व्यवस्थापन समिति र उक्त समितिले गरेका काम कारबाहीहरू यस विनियमबमोजिम भए गरेको मानिनेछ ।

१८ **व्याख्या र बाधा अडकाउ फुकाउने व्यवस्था** : यस विनियममा उल्लेख गरिएका प्रसंगहरूको कार्यान्वयन गर्ने सम्बन्धमा अस्पष्टता भएमा विश्वविद्यालयको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी नीति र उद्देश्यमा असर नपर्ने गरी व्याख्या गर्ने अधिकार केन्द्रीय स्तरमा त्रि. वि. आन्तरिक गुणस्तर सुनिश्चितता समिति (Tribhuvan University Internal Quality Assurance Committee) लाई हुनेछ तर यसरी व्याख्या गर्दा नीति र उद्देश्यमा असर पर्ने भएमा वा थप व्यवस्था गर्नुपर्ने भएमा कार्यकारी परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

***